४. परीक्षा सञ्चालनका लागि केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षक, सहयोगी आदिको भत्ता, प्रयोगात्मक परीक्षा हुने बिषयको प्रश्नपत्र निर्माण, परीक्षा सञ्चालन, उत्तरपुस्तिका तथा परीक्षा सामग्रीहरु गाउँपालिका, शिक्षा शाखा देखि विद्यालयसम्म ढुवानी, आन्तरिक मूल्याङ्कन र टेबुलेसन आदि कार्यको लागि विद्यालयले नै ब्यबस्थापन गर्नुपर्नेछ ।

५. सम्वन्धित विद्यालयमा नै परीक्षा केन्द्र रहने तथा सम्वन्धित प्रधानाध्यापक नै परीक्षाको केन्द्राध्यक्ष रहनु हुनेछ ।

६. प्रश्नपत्र तथा परीक्षा सामग्रीहरु शिक्षा शाखाले उपलब्ध गराउनेछ । परीक्षा सामग्री तथा प्रश्नपत्रहरुको संरक्षण र सुरक्षा गर्ने दायित्व प्रधानाध्यापक/केन्द्राध्यक्षको हुनेछ । कुनै कारणले उक्त सामग्रीहरुको दुरुपयोग एवम् गोपनियता भंग भएमा प्रधानाध्यापक/केन्द्राध्यक्ष स्वयं जवाफदेहि हुनु पर्नेछ ।

७. प्रश्नपत्र प्रत्येक दिनको परीक्षा सुरु हुनु भन्दा आधा धण्टा अगाडी मात्र केन्द्राध्यक्ष सहित कम्तिमा तीन जना शिक्षकको उपस्थितिमा प्रश्न पत्रको खाम खोली प्रश्न पत्र रुजु गर्नु पर्नेछ । सोको मुचुल्का समेत उठाउने व्यवस्था केन्द्राध्यक्षले मिलाउनु पर्नेछ ।

८. सम्बन्धित विद्यालयले नै प्रयोगात्मक परीक्षा हुने विषयको पाठ्यक्रममा व्यवस्था भए अनुसार मूल्याङ्कन गरी मूल्याङ्कन फाराम भरी प्र.अ.बाट प्रमाणित गरी शिक्षा शाखामा बुझाउनु पर्नेछ ।

९. सम्वन्धित विद्यालयले परीक्षण भएका उत्तरपुस्तिका लगायत परीक्षकहरुको विवरण ब्यवस्थित तथा सुरक्षित रुपमा ६ महिनासम्म राख्नु पर्नेछ ।

१०. परीक्षार्थीहरुको सिम्वोल नम्वर १० अङ्कको हुनेछ । सोहि सिम्वोल नम्वर कायम गरिएको प्रबेश पत्र गाउँपालिका शिक्षा शाखाबाट बिद्यालयले लगि परीक्षार्थीहरुलाई उपलब्ध गराउनुपर्नेछ । परीक्षार्थीहरुले प्रबेश पत्र परीक्षा दिन जाँदा साथमा लाने र आफ्नो उत्तरपुस्तिकामा सिम्बोल नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुपर्दछ ।

११. परीक्षा आवेदन फाराम नभरेका तथा ग्रामथान गाउँपालिका शिक्षा शाखामा विवरण पेश नभएका परीक्षार्थीहरु परीक्षामा सामेल हुन पाउने छैनन् ।

१२. विद्यालयले उत्तरपुस्तिकाहरु परीक्षण गरी गराई अनिवार्य रुपमा रुजु समेत गरी (केरमेट तथा टिपेक्सको प्रयोग नगर्ने) प्राप्ताङ्क विवरण (Marks Ledger) दुई प्रतिका दरले २०७४ साल चैत्र २८ गते भित्रमा ग्रामथान गाउँपालिका, शिक्षा शाखामा पेस गर्नु पर्नेछ । प्राप्त भएका लब्धाङ्क (Marks Ledger) परीक्षा समन्वय समितिले प्रमाणित गरी एक प्रति शिक्षा शाखामा राखि विद्यालयमा एक प्रति प्राप्त भएपछि मात्र विद्यालयले नतिजा प्रकाशन गर्नुपर्नेछ । कार्यालयबाट प्रमाणित नभएको Marks Ledger का आधारमा गरिएको नतिजा मान्य हुने छैन ।

१३. तोकिएको दिन परीक्षामा समावेश नहुने परीक्षार्थीलाई अर्को ब्यवस्था गरी पुनः परीक्षा लिईने छैन ।

१४. "आधारभूत तह उत्तीर्ण परीक्षा (कक्षा ८ को ग्रामथान गाउँपालिका स्तरीय परीक्षा)" परीक्षा ब्यवस्थापन समितिको निर्णय विना तोकिएको परीक्षा तालिकामा कुनै परीवर्तन हुने छैन ।

१५. परीक्षाको प्रश्नपत्र, सामग्रीको सुरक्षा, मर्यादा र गोपनियता कायम राख्नु परीक्षासँग सम्वन्धित सबैको कर्तब्य र जिम्मेवारी हुनेछ। अन्यथा भएको पाईएमा नियमानुसार कारवाही हुनेछ ।

१६. संस्थागत विद्यालयले परीक्षा शुल्क बापत प्रति विद्यार्थी रु.२५०/- रकम संकलन गरी ग्रामथान गाउँपालिकाको कृषि बिकास बैंक महेन्द्र चौकमा रहेको सञ्चित कोषको खाता नं. ०६०१६०११४९१०२०११ मा जम्मा गरी एक प्रति सक्कल भौचर ग्रामथान गाउँपालिका, शिक्षा शाखामा मिति ०७४।१२।०२ भित्र पेश गर्नु पर्नेछ ।

१७. सामुदायिक /संस्थागत बिद्यालयहरुमा कक्षा ८ को उत्तरपुस्तिका ग्रामथान गाउँपालिका परीक्षा व्यवस्थापन समितिबाट उपलब्ध गराइने छ ।

२०७४।११।२८

(यादवप्रसाद दुलाल )

शिक्षा अधिकृत

शिक्षा अधिकृत